हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी
**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल**
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : ९८ पृष्ठ : ४ २०७७ कार्तिक १८ गते मंगलबार (Tuesday 03 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## गर्भवती र सुत्केरीलाई 'कोसेली'







**को**भिड १९ को जोखिमका कारण पोषणयुक्त आहाराको अभाव झेलिरहेका सिरहाका विपन्न दलित समुदायका १४ सय भन्दा बढी सुत्केरी तथा गर्भवती महिलालाई पोषिलो खानेकुरासहितको खाद्यान्न र कोभिड किट कोसेली स्वरूप वितरण गरिएको छ ।

'आपतकालीन प्रतिकार्य परियोजना' अन्तर्गत एक्सनएड, नेपाल र स्टेन्डर्ड चार्टर बैंकको साझेदारीमा दलित जनकल्याण युवा क्लबले ५० लाख रूपैयाँ भन्दा बढीको १४ सय ५० जना सुत्केरी तथा गर्भवतीहरूलाई पोषिलो खानेकुरा र कोभिड किट वितरण गरेको हो ।

लकडाउन सुरू भएपछि लहान नगरपालिका-१४ बस्तीपुरका इनदर सदाय मुसहरको रोजगारी गुम्यो । उनी ट्र्याक्टरमा लेबर काम गर्थे । त्यही बेला उनकी पत्नी अन्जलीले साउनमा छोरी ऋषिकालाई जन्माइन । लेबर कामको दैनिक ज्यालाबाट उनको घरमा चुल्हो बलेको थियो । तर काम ठप्प भएपछि गुजारा चलाउन समस्या भयो । केही महिना अघि ऋणपान गरेर गुजारा चलाएपनि सुत्केरी पत्नी अन्जलीलाई उनले पौष्टिक आहारा ख्वाउन पाएनन् ।

अन्जलीजस्तै धनगढीमाई नगरपालिका-१२ सीमलटोकीकी मनिषा सदायको ६ महिने काखे छोरी छन् । दैनिक जनबनमा खटेर गुजारा चलाउने उनले पनि सुत्केरीमा पौष्टिक आहारा पाइनन् । 'महामारीको समयमा पतिले राम्रो रोजगारी गर्न सकिरहेको थिएन,' ४ महिने काखे छोरी लिएर राहत लिन आएकी अन्जलीले भनिन् 'सुत्केरी बेला पोषिलो खानेकुरा पाउने कुरै भएन त्यसमाथि दसैंमा राहत दिएर संस्थाले ज्यान जोगाइदियो ।' स्थानीय सरकार, स्वास्थ्य स्वयसेवीकाहरूको समन्वयमा सुत्केरी तथा गर्भवतीको छनौट गरिएको दलित जनकल्याण युवा क्लबका कार्यकारी निर्देशक विनोद कुमार विसुन्केले बताए । उनका अनुसार लहान नगरपालिका-११ का ७८, १२ का एक सय २, १२ का एक सय ४४, १४ का ८८, २२ का एक सय ८ र २४ वडाका एक सय ५८ जना सुत्केरी तथा गर्भवती महिलालाई सहयोग प्रदान गरिएको जनाए । त्यसैगरी, धनगढीमाई नगरपालिका-९ का ९८, १० का ९७, ११ का एक सय ९६, १२ का २ सय १३, १३ का एक सय १२ र १४ वडाका ५६ जनालाई राहत उपलब्ध गराएको विसुन्केले बताए ।

एक जना सुत्केरी तथा गर्भवत्तीलाई पोषणयुक्त राहत स्वरूप २५ किलोग्राम चामल, गहुँको पिठो ५ केजी, सर्वोत्तम पिठो ४ सय ग्रामको एक प्याकेट, मसुरोको दाल २

बाँकी ३ पेजमा

## कोरोनाबाट सिरहामा थप एकको मृत्यु

**लहान ।** कोरोना संक्रमणबाट सिरहामा थप एक जनाको मृत्यु भएको छ ।

स्वास्थ्य कार्यालय सिरहाका अनुसार गोलबजार नगरपालिका-४ का ६४ वर्षीय वृद्धको मृत्यु भएको हो । उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारका क्रममा सोमबार मृत्यु भएको हो ।

योसँगै सिरहामा कोरोना संक्रमण पुष्टि भएर मृत्यु हुनेको संख्या १८ पुगेको छ ।

यसैगरी प्रदेश २ मा पछिल्लो २४ घण्टामा थप दुई कोरोना संक्रमित पुरूषको मृत्यु भएको छ । योसँगै कोरोनाले मृत्यु हुनेको संख्या १७० पुगेको छ ।

**धनुषाका सिडिओ भट्टराईमा कोरोना पुष्टि**

धनुषाका प्रमुख जिल्ला अधिकारी (सिडिओ) प्रेम प्रसाद भट्टराई र प्रदेश साँसद प्रमेश्वर

बाँकी ३ पेजमा

## जसले आफ्नै आमालाई 'बोक्सी' भन्दै घाँटी थिचेर मारे



■ राम अवतार साह



मृतक सुदामा

**सिरहा ।** कार्तिक ११ गते साँझ पर्दै थियो । कर्जन्हा नगरपालिका-३ खैराहा टोलकी ८५ वर्षीया सुदामादेवी साह छिमेकीको घरमा बसेर गफिँदै थिइन् । त्यत्तिकैमा उनका नाति सतराम साहले बुबा रामअवतारले बोलाएको छ भन्दै घर आउन आग्रह गरे । तर, सुदामा घर जान मानिन् । कारण थियो, उनका आफ्नै कान्छो छोरा रामअवतारले बोक्सी आरोप लगाउँदै आएको थियो । सुदामा दुबै छोराबाट वर्षौंदेखि अलग्गे बस्दै आएकी थिइन् । दुवै छोराबाट अलग सुदामाले गाउँघरमा झारफुक र बनिबुतो गरेर गुजारा चलाउँदै आएकी थिइन् । रामअवतारले बुहारी मनिषालाई खुट्टामा घाउ भएको र त्यसको झारफुक गर्न सुदामालाई भनेका थिए । स्थानीयका अनुसार सुदामाले आफूलाई बोक्सी आरोप लगाउने छोराको घरमा नजाने र आफ्नो घरमा आए झारफुक गरिदिने जवाफ फर्काइन । 'तिमीले बोक्सी लगाएको हो छुटाउनुपर्छ भन्दै छोराले भन्दै थिए । त्यही भएर बुहारी बिरामी परेको छ,' एक स्थानीयले भने, 'आफनो घरमा बुहारी ल्याउनु अनि झारफुक गर्छु भन्दै सुदामाले जवाफ दिइन् ।' त्यती सुनेर रिसाएका रामअवतारले सुदामालाई कुटपिट गरे । वृद्ध सुदामा

बाँकी ३ पेजमा







**फ्रेन्डस मोडल हस्पिटल, लहान ४**
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## गर्भवती र सुत्केरीको सन्तुलित भोजनमा ध्यान दिऔं

**नेपालमा धेरै महिलाहरु दीर्घ शक्ति र सूक्ष्मपोषण तत्वको कमी बाट देखिने विकृतीबाट निरन्तर पीडित भइरहेका कारण मातृ न्यूनपोषण महत्वपूर्ण चुनौतीको रुपमा देखिएको छ । दीर्घ शक्तिको कमीको परिणामस्वरुप न्यून शरीर पिण्ड सुचकांक (बि.एम.आई.), होचो कद र बच्चा जन्मँदा बढी समस्याहरु देखा पर्ने एवम् जन्मेको बच्चाको तौल कम हुने र यसले कुपोषणको अन्तर–पुस्तागत चक्रतर्फ पनि अग्रसर गराउने गरेको पाइएको छ ।**

**महिलाहरुमा हुने गरेको रक्तअल्पता र सूक्ष्मपोषक तत्वको कमी नै आमा र तिनका नवजात शिशुको कमजोर अवस्थासँग सम्बन्धित नतिजाहरुसँग पनि जोडिएको छ । खासगरी किशोरावस्था र गर्भवती हुँदा सन्तुलित भोजनको आवश्यकताका बारेमा चेतनाको कमी हुनु, खानामा विविधताको कमी तथा समान किसिमबाट खाद्य वितरणमा अवरोधपूर्ण सामाजिक–सांस्कृतिक मान्यता साथै धूमपान, मद्यपान र लागूऔषधको सेवन, अधिक कार्यबोझ र चाँडो–चाँडो बच्चा जन्मने समस्याहरु देखा परेका छन् ।**

**आमामा हुने रक्तअल्पता, विशेष गरेर गर्भावस्थामा हुने रक्तअल्पताले कम तौल भएको बच्चा जन्मिने, समय नपुग्दै बच्चा जन्मिने, शिशु तथा आमाको मृत्यु हुनसक्ने र शिशुमा आइरनको कमीबाट हुने विकृतीको जोखिम बढने, बच्चाको मानसिक तथा मनोक्रियात्मक तथा दिमागको विकास नभई पछि अध्ययनमा असर पार्न सक्ने हुन्छ । महिलामा देखिने भिटामिन 'ए' विकृतीको परिणामस्वरूप बच्चामा जिरोप्थेलमिया, अन्धोपना, बिरामीदर तथा मृत्यदरको जोखिम बढाएको छ । गर्भावस्थामा आमाले प्राप्त गर्ने अपर्याप्त भिटामिन 'ए'ले गर्दा रतन्धो हुने र त्यस्तो आमाबाट जन्मेको बच्चा राम्रो नहुने साथै भ्रुणका अङ्गप्रत्यङ्गको राम्रो विकास नहुने र भ्रूणको मृत्युसमेत हुन सक्छ ।**

**गर्भवती हुनु भन्दा अगाडी र गर्भावस्थामा हुने आयोडिनको कमीले आमाको गर्भको प्रतिफल खराब हुनुका साथै उक्त आमाबाट जन्मिने शिशु तथा बच्चाको बिकास र बचाउमा नकारात्मक प्रभाव पार्दछ । आमामा हुने आयोडिनको अत्यधिक कमीले आमामा गलगाँड आउने तथा तिनीको बच्चामा मस्तिष्क तथा स्नायु प्रणालीमा सुधार गर्न नसकिने गरी क्षति पुग्दछ । आमामा आयोडिनको अत्यधिक कमी भएमा, गर्भपतन, बच्चा गर्भमै छँदा मर्ने र मरेको बच्चा जन्मिनेजस्ता जोखिमसँग सम्बन्धित हुन्छ । यसका अतिरिक्त गर्भावस्थामा आमामा हुने आयोडिनको सामान्य र मध्यमखालको कमीले पनि शिशु तथा बच्चाको बौद्धिक तथा शारीरिक क्रियामा प्रभाव पार्दछ । यो सबैको कारक गर्भवती र सुत्केरीले पर्याप्त पोषणयुक्त खाना नपाउनु हो ।**

**कोभिड १९ को जोखिमका कारण पोषणयुक्त आहाराको अभाव झेलिरहेका सिरहाका विपन्न दलित समुदायका १४ सय भन्दा बढी सुत्केरी तथा गर्भवती महिलालाई पोषिलो खानेकुरासहितको खाद्यान्न र कोभिड किट कोसेली स्वरुप वितरण गरेर सह्रानीय कार्य गरेको छ । 'आपतकालीन प्रतिकार्य परियोजना' अन्तर्गत एक्सनएड, नेपाल र स्टेन्डर्ड चार्टर बैंकको साझेदारीमा दलित जनकल्याण युवा क्लबले ५० लाख रुपैयाँ भन्दा बढीको १४ सय ५० जना सुत्केरी तथा गर्भवतीहरुलाई पोषिलो खानेकुरा र कोभिड किट वितरण गर्‍यो । यस्तै कार्यको सिको गर्दै स्थानीय तह लगायत अन्य सरोकारवाला निकायहरुले पनि गर्न जरुरी छ ।**

# दीगो विकासको स्थानीयकरण : नदीजन्य पदार्थको संरक्षण शिवराज सेढाई

**पालिका बहस**

**शिवराज सेधाई**



**दिगो विकासको अवधारणा**

दिगो विकासको अवधारणा सन् १९७२ मा स्विडेनको स्टकहोममा भएको ११३ राष्ट्रहरू सम्मिलित मानव तथा वातावरण सम्बन्धी सम्मेलनबाट सुरू भएको हो । त्यसपछि सन् १९७३ मा संयुक्त राष्ट्र संघीय वातावरणीय कार्यक्रम तथा वातावरण र विकासको लागि विश्व आयोग नामका अन्तर्राष्ट्रिय संस्थाहरु स्थापना भए । सन् १९८७ मा दिगो विकासको परिभाषा सहित हाम्रो साझा भविष्यू नामक ब्रुटल्याण्ड कमिसनको प्रतिवेदन प्रस्तुत भयो । सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा अन्तर्राष्ट्रिय सम्मेलन भयो जसलाई 'पृथ्वी सम्मेलन' भनेर चिनिन्छ । यसले एजेन्डा २१ पारित गर्‍यो । यो सम्मेलनले वातावरण र विकास बीचमा दिगो सम्बन्ध कायम गर्न जैविक विविधताको विश्वव्यापी संरक्षणको प्रतिबद्धतासहित साझेदारी र सहकार्यको वातावरण सिर्जना गर्‍यो ।

**दिगो विकासको परिचय**

विकास मानव सभ्यताको गतिशील एवं बहुआयामिक र सापेक्ष विषय हो । विकास निर्माण कार्यको लागि प्राकृतिक स्रोतसाधन आवश्यक पर्दछ । विश्वमा तीव्र गतिमा भइरहेको आर्थिक तथा भौतिक विकास, जनसत्‍याको तीव्र वृद्धि, औद्योगीकरण, सहरीकरण, अत्यावश्यक सेवा सुविधा र विलासिताका सामानको उपयोगमा वृद्धि आदिको कारण प्राकृतिक स्रोतको अत्यधिक दोहन भइरहेको छ । प्राकृतिक स्रोतको अधिक प्रयोगले प्रकृतिको भारवहन क्षमतामा पनि ह्रास आइरहेको छ । जीवजन्तु तथा जीवात्माहरूको बाँच्न पाउने अधिकारको हनन, जीवन चक्रप्रणाली र वातावरणीय सन्तुलनमाथि प्रतिकूल प्रभाव महसुस गरिन थालिएको छ । प्राकृतिक स्रोतसाधनको उपलब्धता अनन्त कालसम्म हुन नसक्ने हुनाले विकासे काम गर्दा प्रकृतिको संरक्षणमा पनि ध्यान पुर्‍याउनु पर्दछ भन्ने मान्यता नै दिगो विकासको अवधारणा हो ।

**दिगो विकासको लक्ष्य**

विश्वका १९३ देशका नेताहरूले सहस्राब्दी विकास लक्ष्यहरु (१७ वटा) को उपलब्धिमा टेकेर त्यसबाट हासिल हुन नसकेका कुराहरूलाई संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको अगुवाइमा सन् २०३० सम्ममा पूरा गर्न एक कार्य योजना स्वीकृत गरेका छन् । कार्य योजनाले समेटेका उद्देश्यहरु नै दिगो विकासका लक्ष्यहरु हुन् । विश्वको सबै भन्दा ठुलो चुनौतीको रुपमा रहेको चरम गरिबी लगायत गरिबीका सबै स्वरुप तथा आयामहरुको उन्मूलन गर्नु त्यस कार्य योजनाको मुख्य उद्देश्य रहेको छ ।

**दिगो विकासको स्थानीयकरण**

दिगो विकास लक्ष्यको स्थानीयकरण भनेको विश्वव्यापी सन्दर्भमा तय भएका दिगो विकास लक्ष्य अन्तर्गत परिमाणात्मक लक्ष्य र सूचकहरूलाई स्थानीय स्रोत र साधनअनुसार उपयुक्त ढङ्गबाट परिमार्जन गर्दै स्थानीय योजना बनाउँदा तिनीहरुको आन्तरिकीकरण तथा अन्तरघुलन कायम गराइ कार्यान्वयनमा ल्याउनु हो ।

नेपाल संघीय संरचनामा प्रवेश गरिसकेको सन्दर्भमा तीन तहमा नेपालको राजनैतिक तथा प्रशासनिक संरचना स्थापित भई कार्यान्वयनमा आइसकेको अवस्था छ । मुलुकका यिनै तिनै संरचना अन्तर्गत राजनीतिक, सामाजिक, सांस्कृतिक र वातावरणीय सन्तुलन कायम गराउँदै दिगो विकासका लक्ष्यहरु हासिल गर्ने अपनाइने हाम्रो आफ्नै मौलिक प्रयासहरूनै दिगो विकास लक्ष्यको स्थानीयकरणका महत्त्वपूर्ण औजारहरु हुन् । यस लेखमा दिगो विकासको प्राकृतिक आयाम केन्द्रित भई प्राकृतिक स्रोतसाधनको स्थानीयकरणमालाई जोड दिइएको छ ।

**दिगो विकासको स्थानीयकरणको आवश्यकता**

(क) दिगो विकासको अवधारणा, सिद्धान्त, महत्त्व, मूल्य, मान्यतालाई कार्यान्वयनमा स्पष्टता तथा एकरुपता ल्याउन, (ख) सरोकारवालाहरुको सहभागिता तथा योगदान सुनिश्चित गर्न, (ग) स्थानीय स्रोतसाधन, सीप र जनशक्तिको सदुपयोग गर्दै थप सम्भाव्यताको खोजी गर्न, (घ) स्थानीय सरकारका विकासात्मक एवं नियमित सबै कार्यहरुमा दिगो विकासका आयामहरु समेट्न, (ङ) राष्ट्रिय आवश्यकता, अपेक्षा, लक्ष्य र उद्देश्य हासिल गर्नका लागि नीतिगत, कार्यगत, रणनीतिक योजना र कार्यक्रमहरु विच अन्तरसम्बन्ध कायम गरी स्थानीय स्तरमा आन्तरिकीकरण गर्न, (च) स्थानीय स्रोत, साधन र आवश्यकता सुहाउँदो परिमाणात्मक लक्ष्य र सूचकहरु तय गर्दै दिगो विकास हासिल गर्न, ( छ ) स्थानीय जन ( प्रतिनिधिको विकास प्रतिको इच्छाशक्तिमा थप अभिवृद्धि गर्दै दिगो विकास हासिलका लागि अपनत्व महसुस गर्दै अघि बढ्ने वातावरण सृजना गर्न ।

**स्थानीयकरणाको मेरूदण्डः नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी मापदण्ड,**

नेपालका नदी खोलाहरुमा उपलब्ध ढुङ्गा, गिट्टी र बालुवा आदि निर्माण सामग्रीको संरक्षण र उपयोगको विषयलाई स्थानीय विकास योजना तर्जुमा र कार्यान्वयनका चरणमा आत्मसात् एवं आन्तरिकीकरण गर्नु नै प्रस्तुत सन्दर्भमा स्थानीयकरणको मर्म हो । यो विषय स्थानीय स्तरमा जति अन्तरघुलन हुनुपर्ने होस यसको महत्वका बारेमा जति छलफल, बहस र विश्लेषण हुनुपर्ने हो, जति यस विषयमा चिन्तन मनन हुनुपर्ने हो त्यति हुन नसकेका कारण यो व्यवसाय आर्थिक रुपमा जति आकर्षक मानिन्छ, यसको सामाजिक छवि भने त्यति सकारात्मक छैन । आर्थिक दृष्टिले वार्षिक अरबौं रुपैया बराबरको कारोबार हुने, खोलानालालाई सभ्यता मान्ने समुदाय, संरक्षणकर्मी र त्यही सभ्यतामा आश्रितहरुबाट नदीजन्य पदार्थ उत्खननको विरोधको आवाज सुनिँदै आएको छ । तराई तथा राजमार्ग छेउका खोला र नदीमा क्रसर उद्योग एवं ढुवानीकर्ताको मनपरी आतंक हामी सबैले देखेकै छौं ।

विरोध गर्नेको ज्यानै लिने सम्मका घटना पनि भएका छन् । विरोध र विवादको शृत्ला निरन्तर चलिरहेको छ । नेपाली समाजमा यस व्यवसायलाई विकृति बाहकको रुपमा हेरेर यसलाई बन्द गर्नुपर्छ भन्ने आवाज पनि उठ्दै आएको छ । तर बन्द गर्न सकिने अवस्था छैन । विकास निर्माणका काममा नदीजन्य पदार्थ नभई हुँदैन । यी यावत मुद्दाहरुको सम्बोधन गर्न नेपाल सरकारले हालसालै ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरेको छ । यस मापदण्डले विकास निर्माण कार्यमा प्रयोग हुने ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरूत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई व्यवस्थित गर्न तथा गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा, गिटी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्ने अधिकारको उपयोग गर्ने व्यवहारिक प्रक्रिया निर्धारण गर्ने उद्देश्य लिएको छ ।यसले यो विषयको स्थानीयकरणको लागी महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिन सकिन्छ ।तथापि स्थानीय स्तरमा नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) को उत्खनन, बिक्री तथा व्यवस्थापनका सम्बन्धमा अनेक चुनौती र समस्याहरु विद्यमान छन् । मुख्य चुनौतीहरु यस प्रकार छन् ।

- राजनीतिक र प्रशासनिक क्षेत्रको गैर जिम्मेवारीका कारण नदीजन्य वस्तुहरूको जथाभावी दोहन गर्ने कार्यमा वृद्धि भइरहेकोले उनीहरूलाई जिम्मेवार एवं उत्तरदायी बनाउनु,
- नदीजन्य वस्तुहरूको जथाभाबी दोहन गर्ने कार्यमा निर्वाचित पदाधिकारीहरूको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नताका कारण कानुनी शासनको वाहालीमा कठिनाइ भएकोले संरक्षण र व्यवस्थापनको मुख्य कर्तव्य र जिम्मेवारी भएका पदाधिकारीहरूलाई कानुन पालनामा प्रतिबद्ध बनाउनु,
- नियमनकारी निकायहरुको संस्थागत र व्यवस्थापकीय क्षमता बढाउनु तथा अन्तरनिकाय सहयोग र समन्वय बढाउनु,
- आयोजना व्यवस्थापनको कार्यलाई वैज्ञानिक र व्यवहारिक बनाई सञ्चालन गर्नु,
- भू-उपयोग सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु,

**समस्याहरु र समाधानका लागि सुझाव**

राज्यको नियमन पक्ष कमजोर भएको हुनाले नदीजन्य पदार्थमा आधारित क्रसर वा प्रशोधन उद्योगहरु तोकिएको

बाँकी ४ पेजमा

## आजको राशिफल

**मेष** :- प्रविधिका क्षेत्रमा उन्नति हुने देखिन्छ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । मित्रजनको साथ र सहयोगमा उल्लेख्य कार्य सम्पादन हुनेछ ।

**वृष** :- आज लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ

**मिथुन**:- आज कार्य क्षेत्रमा सजग रहनु उचित हुने देखिन्छ । बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ । अनावश्यक ठाउँमा धन खर्चपनि हुनेछ ।

**कर्कट** :- पार्टी पिकनिक तथा सेमिनारमा सहभागीता भइएला । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । व्यापार व्यवसायमा वृद्धि र आम्दानीका स्रोतपनि बढ्नेछन् ।

**सिंह**:- काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**कन्या** :- काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**तुला**:- महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । समय व्यवस्थापन गर्न गारो पर्नेछ । स्वास्थ्यमा प्रतिकूलता रहन सक्छ ।

**वृश्चिक** :- आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । नयाँ व्यक्ति संग भेटघाट हुने समयछ । पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ ।

**धनु**:- आज शुभकार्यको चर्चा चल्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । रमाइलो यात्राको योग समेत रहेको छ ।

**मकर** :- अरुलाई प्रभावित पारेर काम बन्नेछ । नयाँ कार्यको योजना बन्नेछ । सहयोगी हातहरु अघि बढ्ने र मित्र सुख मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ**:- अचल सम्पत्ती हात पर्ने योगछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । आर्थिक वृद्धिका साथै सामाजिक कार्यमा विशेष अभिरूचि रहनेछ ।

**मिन** :- आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । मित्र वा आफन्तको सहयोगबाट सहयोग पाईनेछ । नयाँ कार्यको थालनी हुनेछ

दर्ता नं. :७३/०६५ "सबैको विकास:समग्रको प्रयास" पान नं. : ३०३४२३०९२

**समग्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
*Saving & Credit Co-operative Ltd.*
(सहकारी ऐन २०४८ अन्तर्गत स्थापित) फोन नं. : ०३३-५६००१२
लहान-६, सिरहा (नेपाल)
स्था. : २०६५

## बार्षिक साधारण सभा सहभागीताका लागि शेयर सदस्यहरूलाई अनुरोध

महाशय,

उपरोक्त बिषयमा यस ***समग्र बचत तथा ऋण सहकारी संस्था लि.*** को मिति २०७७/०७/०१ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको **बाह्रौं बार्षिक साधारण सभा र विशेष अधिवेशन** निम्न मिति र स्थानमा हुने निर्णय भएकोले यहाँको सकृय सहभागिताका लागि अनुरोध छ।

**प्रस्तावहरु :**

१.) आर्थिक वर्ष २०७६/०७७ को आयव्यय तथा लेखा परिक्षण प्रतिवेदन छलफल सम्बन्धमा।
२.) संस्थाको वार्षिक प्रगति प्रतिवेदन तथा आगामी व्यवसायिक योजना माथि छलफल सम्बन्धमा।
३.) आर्थिक वर्ष २०७७/०७८ को अनुमानित बजेट तथा कार्यक्रम पारित सम्बन्धमा।
४.) संस्थाको कर्जा तथा बचत नितीमा संशोधन सम्बन्धमा।
५.) कोरोना भाइरसका कारण उत्पन्न असहज परिस्थीतिमा संस्यागत विपत्त रणनिती सम्वन्धमा।
६.) अन्य बैंक तथा वित्तिय संस्थासंग सहकार्य गरि थोक कर्जा लिने सम्बन्धमा।
७.) संचालक समितिको छनौटका लागि विशेष प्रस्ताव माथि छलफल तथा निर्वाचन सम्बन्धमा।
८.) विविध।

**साधारण सभाहुने**
**मिति:- २०७७/०७/२२ गते शनिवार**
**समय:- बिहान ११:३० बजे**
**स्थान:- मारवाडी सेवा सदन**
**लहान न.पा.०७, पुरानो बजार**

भवदीय
(सुनिलकुमार साह)
अध्यक्ष
संचालक समिति
समग्र बचत तथा ऋण सहकारी संस्था लि.
अध्यक्ष



# भावपूर्ण श्रद्धाञ्जली



**जन्म** २००४ — **स्वर्गारोहण** २०७७।०६।०९

## स्व. श्री शुभ लाल राई

हाम्रा निडर, निष्पक्ष राई लगायत जिल्लावासी सबै जात जातीलाई भलो गर्न हर हमेशा तत्पर रहने गरिब, असहाय लगायत सम्पूर्ण बुद्धिजीविहरु तथा राजनीतिमा उर्वर भूमिकामा रहनु भएका व्यक्तित्व अध्ययनशील श्रद्धेय मामा **श्री शुभ लाल राई**को असमायिक स्वर्गारोहण भएको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं। उहाँको रिक्तता हर क्षेत्रमा कैयौं वर्ष सम्म रहने छ।

साथै दु:खको यस बेला शोक सन्तप्त परिवारजन प्रति गहिरो संवेदना प्रकट गर्दछौं। उहाँको यसै वंशमा जन्म होस भनि भगवानसँग भक्तिभाव गर्दछौं।

**जेठा भान्जा डा. सामर्थसिंह राई**
*पूर्व क्याम्पस प्रमुख*
रा.रा.ता.ज.ब.डिग्री कलेज गोलबजार तथा सम्पूर्ण परिवारका सदस्यहरु


## गर्भवती ...

केजी, गेडागुडी एक केजी, नुन १ केजी, धरा तेल १ लिटरका दरले संस्थाले उपलब्ध गराएको छ। कोभिड किटको रूपमा एक थान डीजीटल थर्मोमिटर, हात धुने, नुहाउने साबुन उपलब्ध गराएको छ। संस्थाले ढुवानी खर्च सहित एक व्यक्तिलाई ३ हजार ४ सय ८५ रूपैयाँ बराबरको सामग्री उपलब्ध गराएको क्लवका अध्यक्ष उमेश कुमार विसुन्केले बताए।

उनले विपन्न दलित परिवारलाई राहत उपलब्ध गराउन दलित संस्था नै सक्रिय हुन बाध्य भएको बताए।
लहान नगरपालिकाका उपप्रमुख सरियार चौधरीले कोभिड १९ को बेलापनि नानीहरूलाई जन्म दिने गर्भमा बोक्ने महिलाहरूलाई पोषणयुक्त राहत दिएर दाताले सह्रानीय कार्य गरेको बताइन्। उनले आफ्नो नगरक्षेत्रमा नगरपालिकाले पनि राहत दिएको बताउँदै यस्ता खालका सहयोगले पनि गरिब विपन्न तथा दलितहरूलाई राहत भएको बताइन।

उनले कोभिडको समयमा सहज रूपले आय आर्जन गर्न नसकिरहेका सुत्केरी तथा गर्भवती महिलाको लागि यो राम्रो उपहार भएको बताइन।

एक्सनएड, नेपालका प्रदेश प्रमुख शिवनारायण चौधरीले स्थानीय साझेदार संस्थाको बुझाइ र माँगको आधारमा 'आपतकालीन प्रतिकार्य परियोजना' तयार गरी कोभिडको समयमा वितरित सामग्रीले गर्भवती र सुत्केरी महिलालाई केही हदसम्म भएपनि राहत मिलेको बताए।

## जसले ...

लडिन्। प्रहरीका अनुसार घाँटी थिचेर कुटपिट गर्दा वृद्धा सुदामा घाइते भइन्। स्थानीयको सहयोगमा घाइते सुदामालाई नजिककैको अस्पताल पुऱ्याए। त्यहाँबाट उनलाई थप उपचारका लागि जनकपुर स्थित जानकी मेडिकल पुऱ्याइयो। गम्भीर घाइते उनलाई उपचार गराउने खर्च अभाव भएपछि फर्काएर जिल्ला अस्पताल सिरहा ल्याइयो। शनिबार उनको मृत्यु भयो।

मृतक सुदामालाई छोराले मलमुत्र खुवाउने प्रयास गरेको र पटक पटक कुटपिट गर्दै आएको स्थानीयको भनाइ छ। 'बुबाको निधन पछि १५ वर्षदेखि आमा एक्लै बस्दै आएकी थिइन्,' सुदामाकी छोरी रामतोला साहले भनिन। गाउँमा सामान्य झारफुकको काम वर्षौंदेखि आमाले गर्दै आएको उनले सुनाईन्।

खैराहा गाउँका प्रकाश कोइरालाका अनुसार गाउँमा पहिलेदेखि नै मृतक सुदामाले झारफुक गर्दै आएको थियो। धामी भनेर चिनिएकी उनलाई आफ्नै छोराले बोक्सी आरोप लगाएर कुटपिट गरे। 'गाउँघरमा अहिले पनि अन्धविश्वास गएको छैन्,' उनले भने, 'बिरामी पऱ्यो धाँमीझाक्री कहाँ पुग्ने गर्छन। निको हुनेले धामी सही हो भन्छ। जसलाई निको हुँदैन उनैले बोक्सा/बोक्सीको आरोप लगाउन सुरू गर्छन्।' बोक्सी आरोप लगाउनेहरूलाई सरकारले कडा कारबाही नगरेसम्म यो प्रथा जस्तो भएको कुप्रथा नहट्ने उनको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार रामअवतार साहलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको र उनीमाथि कर्तव्य ज्यान र बोक्सीको आरोप सम्बन्धी मुद्दा चलाइएको छ। जिल्ला प्रहरीका अनुसार बैशाख यता सिरहामा ८ वटा बोक्सी आरोप दुर्वव्यहार, कुटपिट भएको घटना छ।

यसअघि गत असोज ३ गते मध्यराति नवराजपुर गाउँपालिका-५ कुर्सन्डीस्थित मुर्तिदेवी यादवलाई पनि गाउँलेले मिलेर बोक्सी आरोप लगाउँदै मलमुत्र खुवाएका थिए। कुटपिट गरेका थिए। दुई हप्ताको उपचार पछि उनी घर फर्केकी छिन्। तर, बोल्न सक्दिनन्।

प्रहरीमा उनको आफन्तले ८ जना विरूद्ध बोक्सी आरोप लगाएर कुटपिट गरेको भन्दै जाहेरी दर्ताको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। त्यसमध्ये केही जनालाई प्रहरीले पक्राउ गरेका छन्।

## कोरोनाबाट ...

साहमा कोरोना संक्रमण पुष्टि भएको छ। प्रमुख जिल्ला अधिकारी भट्टराई र जनता समाजवादी पार्टीका प्रदेश साँसद रहेका साहमा कोरोना पुष्टि भएको प्रदेश २ का स्वास्थ्य निर्देशनालयले जनाएको छ। संक्रमित दुवै जनाको स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ। संक्रमण पुष्टि भएपछि सिडिओ भट्टराई र साँसद साह होम आइसोलेसनमा बसेका छन्। यस्तै प्रदेश २ मा पछिल्लो २४ घण्टामा १७ महिलासहित ६७ जनामा कोरोना पुष्टि भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।


**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।**
**-: जनहितका लागि :-**
हरेक खबर, विशेष खबर — लहानपोस्ट LAHANPOST DAILY — जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ — राष्ट्रिय दैनिक



# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं। साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं। उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा — धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा — सिरहा नगरपालिका कार्यालय, सिरहा

# बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बरियारपट्टी, सिरहा
### प्रदेश नं. २, नेपाल

# करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रकाशित मितिः२०७७/०७/१८गते)**

यस बरियारपट्टी गाउँपालिका अन्तर्गत अस्पतालमा तपशिल बमोजिमका कर्मचारी करारमा राख्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम योग्य नागरिकहरूले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगि वा म्याद नाघेर आएका दस्खास्त उपर कुनै कारवाही गरिने छैन ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | नियुक्तिको किसिम | दस्वास्त दस्तुर रू | योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १/०७७/०७८ | मेडिकल अधिकृत | १ | करार | १००० | मान्यताप्राप्त शिक्षण संस्थाबाट MBBS उर्तिण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको |
| २ | २/०७७/०७८ | स्टाफ नर्स | २ | करार | ७०० | मान्यताप्राप्त शिक्षण संस्थाबाट PCL Nursing उर्तिण गरी नेपाल नर्सिङ्ग परिषद्मा दर्ता भएको |
| ३ | ५/०७७/०७८ | का.स | १ | करार | ३०० | सामान्य लेखपढ |

१. आवेदन फाराम : बरियारपट्टी गाउँपालिकाको कार्यालय वा गा.पाको बेभसाइट www.bariyapattimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
२. दस्खास्त दिने अन्तिम मिति : २०७७/०८/०३ गते कार्यालय समय भित्र |
३. आवेदन बुझाउने स्थान : बरियारपट्टी गाउँपालिकाको कार्यालय, बरियारपट्टी प्रभु बैंक शाखा बरियारपट्टी स्थित संचित कोष खाता नं. १४७०११६०८२६०००१६ मा दस्तुर जम्मा गरी सोको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा राजस्व जम्मा गरी सक्कल भौचर निवेदन साथ संलग्न राखि पेश गर्नुपर्नेछ ।
४. परीक्षाको किसिम : अन्तरवार्ता हुनेछ ।
५. परीक्षा मिति : फारम बुझाउने अन्तिम मिति पछि तोकिनेछ ।
६. पारिश्रमिक तथा सेवा सुविधा नेपाल सरकारले तोके बमोजिम ।
७. करार अवधि : हाललाई तीनमहिना । सो पछि करार अवधि थप हुन सक्नेछ ।
८. आवश्यक कागजातहरूः आवेदन फारम, नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यता प्रतिलिपी, काउन्सिलमा दर्ता भएको प्रतिलिपि, तालिम तथा अनुभवका प्रमाणपत्रको प्रतिलिपी, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति । पेश गरिने सबै प्रतिलिपीको पछाडि उम्मेदवार स्वंयले हस्ताक्षर गरी प्रमाणित गरेको हुनु पर्नेछ ।
९. उमेरको हद : लोक सेवा आयोगले तोके बमोजिम ।

**प्रमुख प्रशासकीय अधिकृत**

## दीगो ...

मापदण्ड पुरा नभएका स्थानमा स्थापना तथा सञ्चालन भइरहेका छन् । एकातिर सम्बन्धित व्यवसायीहरु मापदण्ड अस्वीकार गर्दै विरोध गरिरहेका छन् भने अर्को तर्फ सरकार निरीह प्रायः भएर आफैंले लागु गरेको मापदण्ड कार्यान्वयन गराउन खुट्टा कपाइरहेको छ, निर्मम बन्न सकेको छैन । यसका लागि कानुनको शासन बहाली गर्न राज्यको नियमन क्षमता बढाउनु नै अचुक समाधान हो । उत्खनन, सङ्क्लन, घाटगद्दी, प्रशोधन गर्ने स्थल तोक्दा राजमार्ग, नदी खोला, घनाबस्ती, धार्मिक स्थल, जङ्गल आदि देखिको दूरी सम्बन्धी मापदण्ड अनुसार नतोकिनु, समय सीमा र परिमाण नतोक्ने, तोके पनि बिना आधार तोक्ने र तत् सम्बन्धी विवाद सृजना भइरहने, विवाद समाधानमा दोहोरो मापदण्ड अवलम्बन गर्ने गरेबाट झन् धेरै समस्याहरु सृजना भएका छन् । यसका लागी ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम राजमार्गदेखि ५०० मिटर भित्रको नदी खोला, घनावस्ती र वन क्षेत्रबाट २ किलोमिटर, पुल झोलुङ्गेपुल देखी १ किलोमिटर तल र ५०० मिटर माथिबाट मात्र उत्खनन सङ्क्लन गर्नुपर्ने मापदण्डको पूर्ण पालना गर्नु पर्दछ । कार्ययोजना नबनाई उत्खनन, सङ्क्लन, बिक्री सम्बन्धी कार्य गर्ने गराउने, वर्षातको मौसममा पनि उत्खनन, सङ्कलन गर्न पाउनु पर्ने जिकिर गर्ने, प्राविधिकबाट स्थलगत निरीक्षण, जाँच, अनुगमन नहुने, हुँदा पनि प्रभावित गराउने हुने तितो यथार्थलाई स्वीकार गरी आवश्यकता र स्थानीय परिवेश अनुरूपको कार्ययोजना बनाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्नु पर्दछ । स्थानीयबासीबाट उत्खनन, सङ्क्लनमा व्यापक चोरी हुने, चोरी नियन्त्रणमा जनप्रतिनिधि र नागरिक अगुवाले अग्रसरता नदेखाउने समस्या समाधानका लागि चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नु पर्दछ । निगरानी बढाई दण्ड सजायका प्रावधानलाई कडाइका साथ कार्यान्वयन गर्नु पर्दछ ।

दुई पालिकाको सिमानामा पर्ने नदिहरूमा स्वामित्वको विवादका कारण संरक्षण र उत्खनन तथा सङ्क्लनमा आइरहने झमेला सुल्झाउन संयुक्त समिति निर्माण गरी आपसी समझदारी, समन्वयमा काम गर्न सकिन्छ ।

उत्खनन, सङ्क्लन र बिक्री सम्बन्धी ठेक्का बन्दोबस्त गर्दा सूचना र सम्झौताको ढाँचा र सर्त तोक्दा सर्वमान्य सिद्धान्तको पालना हुन नसक्दा सृजित समस्या समाधानका लागी सक्षम अनुभवी कर्मचारीको व्यवस्थापन तथा ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले तोकेको ढाँचा अनुसरण गर्नुपर्दछ । उक्त मापदण्ड जारी हुनुपुर्व भने यस्तो समस्या थियो ।

उत्खनन, सङ्क्लन कार्यमा प्रयोग हुने मेशिन औजार, ढुवानी गर्ने सवारी साधन, ती साधन प्रवेश गर्ने र फर्कने मार्ग नतोकिने, जनशक्तिको संख्या र उनीहरूको काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिने नगरेका कारण उत्खनन, सङ्क्लन र ढुवानी तथा सङ्क्लनको कार्य समाप्त भएपछिको नदी व्यवस्थापनको कार्यमा प्राय कसैको ध्यान नजाँदा उत्पन्न समस्या समाधानका लागि ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम ठेक्का सम्झौतामा सर्त उल्लेख गर्दाका बखत यी सबै कुरा समेट्नु पर्दछ ।

साविकमा अनुगमन गर्ने निकाय र जिम्मेवारीमा अस्पष्टता थियो, जसका कारण अनुगमन नितान्त औपचारिकतामा सीमित थियो तर ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले सम्बन्धित जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित सबै निकायहरूको समेत प्रतिनिधित्व हुने गरी जिल्ला अनुगमन समिति तथा सम्बन्धित प्रदेश सरकार र पालिकाले पनि अनुगमन निरीक्षण गर्न सक्ने गरी स्पष्ट व्यवस्था गरिसकेको अवस्था छ । अधिकार प्राप्त भइसकेको अवस्थामा अबका दिनमा जिम्मेवारी र अधिकार प्रयोगको क्षमता, अग्रसरता एवं विवेकशीलताको उपयोग हुने नहुने जटिलता भित्र लुकेका प्रश्नको उत्तर खोज्न मात्र बाँकी छ ।

बिक्रीमा न्यून बिजकीकरण र ठेक्का पट्टामा स्थानीय गुण्डा, चुल्ठेमुन्द्रे युवा वा राजनीतिक दलका स्थानीय कार्यकर्ताको बाहुल्यताका कारण प्रतिस्पर्धा हुन नदिने, दलीय संरक्षण हुने जटिल समस्या छ । तसर्थ सामाजिक, आर्थिक लगायतका सबै क्षेत्रमा विद्यमान विकृति र संकिणताको अन्त्य गर्न राजनीति सफा हुनु पर्दछ, राजनीतिक शुद्धीकरणको अपेक्षा पुरा भएमा प्रस्तुत समस्या स्वतः समाधान हुनेछ । राजनीतिक दल र यसका नेता तथा कार्यकर्तामा इमानदारिता, निष्ठा र कानुनी शासन प्रतिको प्रतिविद्धताको खाँचो छ ।

नदिको बहाव क्षेत्रमा विवाद भइरहने तथा नदी किनारका निजी जग्गाहरूबाट उत्खनन, सङ्क्लनमा हुने विवाद समाधानका लागि ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्था अनुसार नदिको बहाव क्षेत्रबाट दायाँ बायाँ १र१ किलोमिटर सम्मलाई नदी किनार मान्ने र सम्बन्धित पालिकाले उत्खनन सङ्क्लनका क्षेत्रभित्र समेटेका निजी जग्गाबाट पनि विधि प्रक्रिया पूरा गरी उत्खनन बिक्री गर्न सकिन्छ ।

पालिकाहरूको कमजोर संस्थागत अवस्था, नियमन सम्बन्धी काममा कर्मचारी र निर्वाचित पदाधिकारी बीच विवाद र मत भिन्नता अन्त्य गर्न पालिकाहरूको क्षमता वृद्धि तथा आ–आफ्नो परिभाषित जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्ने र द्धिविभाजनको खरानीको रेखा पार गर्ने दृढता देखाउनु मूर्खता शिवाय केही होइन भन्ने भावना जागृत हुन आवश्यक छ ।

*प्रशासन अनलाईनबाट*


# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)